श्री

राजस्व न्यायाधिकरण काठमाडौ, मुकाम पुल्चोक ललितपुर

इजलास

माननीय अध्यक्ष श्री टेकप्रसाद ढुङ्गाना

लेखा सदस्य श्री बासुदेव खनाल

**फैसला**

२०७९।०८० सालको निर्णय नं.२१२

पुनरावेदन नं. ०७७-RB-०४५०

पुनरावेदन दर्ता मितिः-२०७७।१०।२२

**मुद्दाः– मूल्य अभिबृद्धि कर (०७१/०७२)।**

झापा जिल्ला विर्तामोड न.पा. वडा नं.२ स्थित सहारा नेपाल वचत तथा ऋण सहकारी संस्था लि. (स्था.ले.नं.३०१५६२४३२) का अधिकार प्राप्त दैलेख जिल्ला नारायण न.पा.वडा नं.७ स्थायी घर भै हाल का.जि.का.म.न.पा.वडा नं.१० बानेश्वर काठमाण्डौ बस्ने (ना.प्र.प.नं.०६३-०१-६९-०२८२६ जि.प्र.का.दैलेख) भएको वर्ष २४ को कृष्ण बहादुर श्रेष्ठ........................................................१ } पुनरावेदक

**विरुद्ध**

आन्तरिक राजश्व विभाग, लाजिम्पाट,काठमाण्डौ...........................................१
ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर...........................................१ } प्रत्यर्थी

**शुरु निर्णय गर्ने कार्यालय र अधिकारी**

शुरु निर्णय गर्ने कार्यालयः- ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर

शुरु निर्णय गर्ने अधिकारीः प्रमुख कर प्रशासक श्री धनिराम शर्मा

शुरु कार्यालयको निर्णय मितिः–२०७६/०३/२२

**पुनरावलोकनको निर्णय गर्ने कार्यालय र पदाधिकारी**

निर्णय गर्ने कार्यालयः आन्तरिक राजस्व विभाग

निर्णय गर्ने पदाधिकारीः महानिर्देशक श्री विनोद बहादुर कुंवर
निर्णय मितिः २०७७/०३/३०

## उपस्थित कानून व्यवसायीहरु

पुनरावेदकका तर्फबाट : ×

प्रत्यर्थीको तर्फबाट : विद्धान सहायक न्यायाधिवक्ता श्री विकास बन्जारा

ठूला करदाता कार्यालय, ललितपुरबाट मिति २०७६।०३।२२ मा भएको मूल्य अभिवृद्धि कर निर्धारणको निर्णय तथा उक्त निर्णयलाई सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७७।०३।३० मा भएको निर्णय उपर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) र मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ३२ बमोजिम पर्न आएको पुनरावेदन यसै न्यायाधिकरणको क्षेत्राधिकार भित्रको हुँदा प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं यस न्यायाधिकरणको ठहर यस प्रकार रहेको छः-

## तथ्य खण्ड

१. पुनरावेदक करदाता सहारा नेपाल बचत तथा ऋण सहकारी संस्था लि.को आ.व. २०७१।०७२ को कर परिक्षण प्रतिवेदनको आधारमा मुल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा २० बमोजिम कर, शुल्क, व्याज तथा जरिवाना समेत जम्मा रू.१२,२३,३०२।—(अक्षरुपी बाह्र लाख तेइस हजार तीन सय दुई मात्र) को प्रारम्भिक कर निर्धारण गर्ने गरी ठूला करदाता कार्यालय, ललितपुरबाट मिति २०७६।०२।३० मा जारी भएको आदेश।

२. प्रारम्भिक कर निर्धारण आदेश तथा मुल्य अभिबृद्धि कर निर्धारण हुनु नपर्ने वा सोमा परिवर्तन गर्नुपर्ने कुनै ठोस आधार वा सबूत प्रमाण भए सो आदेश प्राप्त गरेको मितिले १५(पन्ध्र) दिनभित्र जवाफ पेश गर्नु हुन भनी ठूला करदाता कार्यालय, हरिहरभवन ललितपुरबाट मिति २०७६।०२।३० मा जारी गरिएको उक्त प्रारम्भिक कर निर्धारण आदेशको पत्र करदाताले मिति २०७६।०३।०२ मा बुझिलिई सोको जवाफ मिति २०७६।०३।१६ मा पेश गरेको ।

३. प्रस्तुत करदाताले लिएको जिकिर तथा प्रमाणहरुको आधारमा उक्त प्रारम्भिक कर निर्धारण आदेशानुसार नै मूल्य अभिवृद्धि कर तथा जरिवाना समेत जम्मा रू.१२,३४,८४२।—(अक्षरुपी बाह्र लाख चौतिस हजार आठ सय बयालिस मात्र)

दाखिला गर्न मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम २९(३) बमोजिम अन्तिम कर निर्धारण आदेश जारी गर्ने गरी ठूला करदाता कार्यालय, ललितपुरबाट मिति २०७६।०३।२२ मा भएको निर्णय पर्चा ।

४. ठूला करदाता कार्यालय, ललितपुरले मिति २०७६।०३।२२ मा जारी गरेको आ.व. २०७१/०७२ को मूल्य अभिबृद्धि कर तर्फको अन्तिम कर निर्धारण निर्णयमा चित्त नबुझि करदाताले प्रशासकीय पुनरावलोकनका लागि मिति २०७६।०५।२९ मा आन्तरिक राजस्व विभागमा पेश गरेको निवेदन ।

५. यसमा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ८(३) बमोजिमको व्यवस्था निवेदकले पालना गरेको नपाईएकोले र व्यवसायिक प्रयोजनको लागि निर्माण गर्दै गरेको भवन लागत, मूल्य, नक्सा डिजाइन खर्च मू.अ.कर दाखिला गरेको करयोग्य खरिद रकम घटाई आउने रकममा मूल्य अभिवृद्धि कर योग्य खरिद भएको नदेखिएकोले सोही ऐनको दफा २९(१क) बमोजिमको जरिवाना समेत गणना गर्ने गरी शुरु कार्यालयबाट भएको कर निर्धारण आदेश कानून सम्मत भएकोले निवेदकको निवेदन जिकिर नपुग्ने ठहर्छ भनी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७६।०३।२२ मा भएको निर्णय ।

६. करदाता संस्थाले विवादित भवन संस्थाको मुख्य कार्यालयको प्रयोजनको लागि पुष्कर निर्माण सेवासंग सम्झौता बमोजिम निर्माण गरेको भवन निर्माणको कार्य मू.अ.कर मा दर्ता भएको व्यवसायीबाट गराइएकोले मू.अ.कर निर्धारणको कारवाही एवं निर्णय मूल्य अभिवृद्धि कर ऐनको दफा ८(३) तथा नियमावलीको नियम ६(ख) प्रावधान अनुरुप कै हुदांहुदै, निवेदकले व्यवसायिक प्रयोजनको लागि निर्माण गर्दै गरेको भवनको लागत मुल्य ,नक्शा, डिजाईन खर्च, मू.अ.कर दाखिला गरेको करयोग्य खरिद रकममा घटाई हुन आउने रकममा मूल्य अभिवृद्धि कर योग्य खरिद भएको नदेखिएको र भवन निर्माणको क्रममा सोही प्रयोजनको लागि करार सेवामा नियुक्त गरिएको पारिश्रमिकमा मू.अ.कर असुल गर्न नपर्ने भन्ने निवेदकको जिकिर नपुग्ने ठहर्छ भनी शुरु कार्यालयबाट भएको निर्णय र सोलाई सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको निर्णय समेत कानून सम्मत नभएकोले बदर गरी पाउँ भन्ने व्यहोराको पुनरावेदकबाट मिति २०७७।१०।१२ मा यस न्यायाधिकरणमा दर्ता भएको पुनरावेदन पत्र।

७. यसमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकीलको कार्यालयलाई सूचना दिई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणबाट मिति २०७९।०३।३१ मा भएको आदेश ।

## ठहर खण्ड

८. नियम बमोजिम पेशी सूचिमा चढी निणयार्थ इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक करदाताको तर्फबाट सुनुवाइको लागि इजलास समक्ष कोही पनि उपस्थित भएको पाइएन।

९. प्रत्यर्थी कार्यालयका तर्फबाट उपस्थित हुनुभएका विशेष सरकारी वकील कार्यालय , काठमाडौंका विद्वान सहायक न्यायाधिवक्ता श्री विकास बन्जाराले शुरु कार्यालयबाट भएको अन्तिम कर निर्धारणको आदेश कानूनसम्मत नै रहेको र सो निर्णयलाई सदर गरी अन्तरिक राजस्व विभागका महानिर्देशकले गरेको निर्णय समेत कानुन सम्मत नै रहेको देखिंदा सदर गरी पाउँ भनी गर्नुभएको बहस जिकिर समेत सुनियो।

१०. पुनरावेदक करदाताका तर्फबाट लिइएका पुनरावेदन जिकिरहरु ,प्रत्यर्थी कार्यालयका तर्फबाट उपस्थित विद्वान सहायक न्यायाधिवक्ताले प्रस्तुत गर्नु भएको बहस बुदाँहरु र मिसिल संलग्न कागज प्रमाणको अध्ययन गरी हेर्दा यसमा ठूला करदाता कार्यालय, ललितपुरबाट पुनरावेदक करदाताको हकमा भएको अन्तिम कर निर्धारणको आदेश तथा प्रशासकीय पुनरावलोकनको ऋममा आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको निर्णय मिलेको छ, छैन ?पुनरावेदक करदाताको पुनरावेदन जिकिर पुग्न सक्ने हो वा होइन? भन्ने विषयमा निर्णय दिनुपर्ने देखियो।

११. निर्णय तर्फ विचार गर्दा, पुनरावेदक करदाताले व्यवसायिक प्रयोजनको लागि निर्माण गर्दै गरेको भवनको लागत मूल्य अभिवृद्धि कर योग्य खरिद नभएकोले, मूल्य अभिबृद्धि करमा दर्ता नभएको व्यक्तिबाट खरिद गरेकोले मू.अ.कर ऐन, २०५२ को दफा ८(३) बमोजिमको कर र जरिवाना निर्धारण गरेको कार्य त्रुटिपूर्ण हुदां बदर गरी पाउं भन्ने समेत पुनरावेदन जिकिर रहेको देखियो। मूल्य अभिवृद्धि कर नियमावली,२०५३ को नियम ६ख मा “कुनै व्यक्तिले व्यवसायिक प्रयोजनको लागि पचास लाख रुपैया भन्दा बढी लागतको भवन, अपार्टमेन्ट, सपिङग कम्प्लेक्स वा विभागले तोकेको अन्य यस्तै प्रकारका संरचना निर्माण गर्दा दर्ता भएको व्यक्तिबाट मात्र गराउनुपर्ने छ” भन्ने व्यवस्था रहेको देखिन्छ भने मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा ८(३)मा *"व्यवसायिक प्रयोजनको लागि निर्माण गरिने पचास लाख रूपैयाभन्दा बढीको भवन वा अपार्टमेन्ट वा सपिङ कम्प्लेक्स वा विभागले तोकेका यस्तै प्रकारका अन्य संरचना दर्ता नभएको व्यक्तिबाट निर्माण गराएको भए तापनि त्यस्तो निर्माण दर्ता भएको व्यक्तिबाट गराए सरह मानी कर दाखिला गर्नु पर्नेछ। त्यसरी दाखिला नगरेमा सो संरचनाको स्वामित्व रहेका व्यक्तिबाट कर निर्धारण गरी असुल उपर गरिनेछ"* भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ। करदाता सहारा नेपाल बचत तथा ऋण सहकारी

संस्थाले यस आ.व.२०७१/०७२ मा निर्माण गर्दै गरेको व्यवसायिक भवनको जम्मा मूल्य रु.६,२६,६१,५२०।– मध्ये नक्सा डिजाइन खर्च रु.३,९९,९८९।– मा मू.अ.कर नलाग्ने र रु.५,८०,००,३९२।–को मू.अ.कर दाखिल भइसकेको हुंदा रु.४२,६१,१३९।– बराबरको खरिदको मू.अ.कर दाखिल नभएकोले करदाताले दाखिल गर्नुपर्ने निर्णयमा ठूला करदाता कार्यालय पुगेको देखियो। करदाताले पेश गरेको जवाफमा प्राप्त बिल बीजकको आधारमा सम्पूर्ण रकम ठेकेदारलाई भुक्तानी गरेको र हाम्रो संस्था मू.अ.करमा दर्ता समेत गर्नुपर्ने संस्था नरहेकोले कर तिर्नु नपर्ने भन्ने व्यहोरा उल्लेख गरेपनि निर्माण गरेको भवन लागतको सम्पूर्ण खरिदमा मूल्य अभिवृद्धि कर भुक्तान गरेको भनी प्रमाण पेश गर्न सकेको देखिएन। करदाताले निर्माण गरेको संरचना दर्ता भएको व्यक्तिबाट निर्माण गरेको भनी पुष्टी गर्न नसकेको स्थितिमा मूल्य अभिवृद्धि कर दाखिल नभएको रु.४२,६१,१३९।– बराबरको खरिदमा भवन संरचनाको स्वामित्व रहेका करदाताबाट नै मू.अ.कर असूल गर्नुपर्ने देखियो।

१२. निर्माणको अवधि जतिसुकै भए तापनि व्यवसायिक प्रयोजनको लागि निर्माण गरिने ५० लाख रूपैया भन्दा बढीको भवन संरचना दर्ता नभएको व्यक्तिबाट गराएको हुँदा मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा ८(३) को व्यवस्था प्रस्तुत करदाताको हकमा लागू हुने नै देखियो। मूल्य अभिवृद्धि कर ऐन,२०५२ को दफा २०(१) को खण्ड(ञ) मा दफा ८ को उपदफा (२) वा (३) बमोजिम कर दाखिला नगरेमा कर निर्धारण गर्न सकिने व्यवस्था रहेकोले करदाताको अभिवृद्धि कर दाखिल नभएको रु.४२,६१,१३९। - बराबरको खरिदको मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा २०(१) बमोजिम रु.५,५३,९४८।- कर निर्धारण गरी सोही ऐनको दफा २९(१)(क) बमोजिम २५ प्रतिशत जरिवाना रु.१,३८,४८७। - र सोही ऐनको दफा १९(२) तथा दफा २६(२) बमोजिम थप दस्तुर एवं व्याज समेत जम्मा रु.१२,३४,८४२। - दाखिला गर्नुपर्ने गरी शुरु कार्यालयबाट भएको अन्तिम कर निर्धारण र सोही कर निर्धारणलाई सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको निर्णय मिलेकै देखिँदा परिवर्तन गरिरहनु परेन।

१३. तसर्थ माथि उल्लेखित तथ्य, आधार एवं कारण समेतबाट पुनरावेदक करदाता सहारा नेपाल बचत तथा ऋण सहकारी संस्था लिमिटेड (स्थायी लेखा नं.३०१५६२४३२) को आ.व. ०७१/०७२ को मूल्य अभिवृद्धि कर तर्फ ठूला करदाता कार्यालय ललितपुरबाट मिति २०७६।०३।२२ मा गरेको अन्तिम कर निर्धारण आदेश र सोही निर्णयलाई सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७७।०३।३० मा भएको निर्णय समेत मिलेकै देखिँदा सदर हुने ठहर्छ। करदाताको पुनरावेदन जिकिर पुग्न सक्दैन। अरुमा तपसिल बमोजिम गर्नु।

## तपसिल खण्ड

१. फैसलाको प्रतिलिपी सहितको जानकारी बिशेष सरकारी वकीलको कार्यालय काठमाडौंलाई दिनू।
२. फैसलाको नक्कल माग गर्ने सरोकारवालाबाट लाग्ने दस्तुर लिई नक्कल दिनू।
३. प्रस्तुत फैसलाको विद्युतीय प्रति अपलोड गरी फैसलाको पिठमा जनाउनू।
४. प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी शुरु मिसिल ठुला करदाता कार्यालय ललितपुर पठाउनु र रेकर्ड मिसिल अभिलेख शाखामा बुझाईदिनू।

टेकप्रसाद ढुङ्गाना
(अध्यक्ष)

उक्त रायमा मेरो सहमति छ।

बासुदेव खनाल
(लेखा सदस्य)

<u>फैसला तयारीमा सहयोग गर्नुहुनेः-</u>
इजलास अधिकृतः- सनिता लामा
ना.सु.:- श्री मनिषा अधिकारी
फैसला मितिः-२०७९।११।२३।३
फैसला प्रमाणिकरण गर्ने लेखा सदस्यः-

राजस्व न्यायाधिकरण काठमाण्डौ, मुकाम ललितपुरको छाप